# हिलिहाङ गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
पञ्चमी, पाँचथर

अध्यक्ष :- ९८५२६८११७२
उपाध्यक्ष :- ९८६२७७२८७९
प्र. प्र. अ :- ९८५२६८४४७७

प्रदेश नं. १, नेपाल


पं. सं. :- ०७८/७९
चं. नं. :- १०१४

मिति:- २०७९।०३।०१

बिषय: बजेट सीमा र मार्गदर्शन सम्बन्धमा ।

श्री वडा समिति (सबै)
हिलिहाङ गाउँपालिका, पञ्चमी, पाँचथर ।

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन २०७४ को दफा २१ उपदफा ३ बमोजिम आगामी आर्थिक वर्षको बार्षिक बजेट यही असार १० गते गाउँ सभा समक्ष पेश गर्नुपर्ने व्यवस्था विदितै छ । श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिले उपलब्ध गराएको बजेट सिमा तथा मार्गदर्शनहरुको परिधि भित्र रही सम्बन्धित सबै वडा समितिहरुले आफनो कार्यक्षेत्र भित्र आगामी आ. व. मा सञ्चालन गरिने प्रस्तावित कार्यक्रमहरु र सो को लागि आवश्यक पर्ने रकम स्पष्ट उल्लेख गरी आगामी मिति २०७९ असार ६ गते भित्र बजेट, निति तथा कार्यक्रम तर्जुमा समितिमा पेश गर्नुहुन अनुरोध छ ।

**वडागत बजेट सीमा : ४५,००,०००**

1. गाउँपालिकाको **प्रथम आवधिक योजनाले** निर्धारण गरेको सोँच, उद्धेश्य, रणनीति, कार्यनीति, नतिजा खाका तथा कार्यक्रमलाई आधार बनाई विकास आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।
2. **स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १२** मा उल्लेखित वडा समितिको काम, कर्तव्य र अधिकारसँग सम्बन्धित योजना तथा कार्यक्रमहरु प्रस्ताव गर्नुहुनेछ ।
3. प्रस्तावित योजना तथा कार्यक्रमहरु रु २,००,००० (दुई लाख) भन्दा बढीको मात्र प्रस्ताव गर्नुहुनेछ ।
4. वडाभेला मार्फत सहभागितामूलक योजना तर्जुमा प्रणाली अपनाई बस्ती वा टोलस्तरबाट टोलस्तरीय योजनाको माग संकलन, प्राथमिकीकरण तथा छनौट गरी पठाउनु हुनेछ ।
5. **स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन,** २०७८ अनुरुपका प्रकृया बमोजिम बजेट तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ ।
6. आयोजना तथा कार्यक्रमहरु प्रस्ताव पेश गर्दा **स्थानीय तह संस्थागत क्षमता स्वमूल्याङ्कन कार्यविधि, २०७७** ले निर्धारण गरेको सूचकहरु कार्यान्वयन हुने गरी प्राथमिकता दिनु हुनेछ ।
7. बजेट प्रस्ताव गर्दा **एकीकृत आर्थिक संकेत तथा वर्गीकरण र व्याख्या, २०७४** (दोस्रो परिमार्जन) बमोजिमको खर्च शीर्षक वर्गीकरण बमोजिम गर्नुहुनेछ ।
8. नयाँ आयोजनाको पहिचान तथा छनौट गर्नुपर्ने भएमा पूर्वसम्भाव्यता तथा सम्भाव्यता अध्ययन, वातावरणीय अध्ययन (IEE), विस्तृत परियोजना प्रतिवेदन (DPR) तयारी जस्ता कार्यका लागि बजेट सुनिश्चित गरेर मात्र आयोजना प्रस्ताव गर्नु हुनेछ ।
9. प्राप्त बजेट प्रस्तावित योजना तथा कार्यक्रमहरुमा विनियोजन गर्दा निजी जग्गालाई प्रकृया पुराई यस कार्यालयलाई स्वामित्व हस्तान्तरण भइसकेपछि मात्र बजेट विनियोजन गर्नुहुनेछ ।
10. लक्षित कार्यक्रमहरुमा बजेट प्रस्ताव गर्दा प्रदेश तथा केन्द्र सरकारबाट स्वीकृत भएको **सार्वजनिक खर्चमा मितव्ययीता कायम गर्ने सम्बन्धी मापदण्ड** परिपालना गर्नु हुनेछ ।
11. **दिगो विकासका लक्ष्यहरुलाई** सम्बोधन हुने खालका आयोजना तथा कार्यक्रम प्रस्ताव गर्नुहुनेछ । आयोजना तथा कार्यक्रम छनौट गर्दा महिला, दलित, पिछडिएको समुदायलाई प्रत्यक्ष लाभ पुग्ने एवम रोजगारमूलक कार्यक्रमहरुमा प्राथमिकताका साथ बजेट प्रस्ताव गर्नु हुनेछ । रोजगारी अभिवृद्धि गर्ने, उत्पादन बृद्धि गर्ने तथा क्षमता अभिबृद्धिका कार्यक्रम तथा आयोजनाहरुलाई प्राथमिकता दिनु हुनेछ ।
12. गरिबी न्यूनीकरण, सुशासन प्रबर्द्धन, वातावरण संरक्षण, लैंगिक समानता तथा समावेशी विकासमा सहयोग पुर्याउने आयोजना तथा कार्यक्रमहरु छनौट गर्नु हुनेछ ।
13. आयोजना तथा कार्यक्रमहरु प्रस्ताव गर्दा सम्भव भएसम्म **लैंगिक उत्तरदायी बजेट**, गरिबी न्यूनीकरण उन्मुख बजेट, जलवायु परिवर्तन बजेटका लागि निर्धारित सूचक तथा अंकहरु समेत उल्लेख गरि पेश गर्नु हुनेछ ।

बिक्रम लिम्बु
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ :-**
श्री संयोजकज्यू, श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, हिलिहाङ गाउँपालिका ।
श्री विषयगत संयोजकज्यूहरु, सबै (समन्वय र सहकार्य गरिदिनु हुन)



Official Website: www.hilihangmun.gov.np Email Address:- hilihangruralmun@gmail.com